# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# जोशीपूर गाउँपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२८

च.नं. ५३४

विषय: लेखापरीक्षण प्रतिवेदन ।


श्री अध्यक्षज्यू,
जोशीपूर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७
च.नं ५३५

मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
जोशीपूर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले जोशीपूर गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.२ करोड ६ लाख ६७ हजार बेरुजु कायम भएको छ। सो मध्ये असुल गर्नुपर्ने रु. ४ लाख, नियमित गर्नुपर्ने रु. ४६ लाख ७८ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. १ करोड ५१ लाख ६९ हजार तथा पेश्की बाँकी रु. ४ लाख २० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/११/१५** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना १३ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

२०७७।९।२८

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**जोशीपूर गाउँपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७५।७६**

**परिचय एव उद्देश्य :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक कियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

आर्थिक बर्ष २०७५।०७६ को एकिकृत आय व्यय विवरण

| | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २९२११९०५.९० | १ | क)वित्तीय समानीकरण अनुदान | | ९४२९४४३३.९९ |
| | ख) बैंक | | | | ख) सशर्त अनुदान | | ९२२९२२६५.०४ |
| | अ) संचीत कोष | २८९५५७४८।९ | | | ग) सामाजिक सुरक्षा | | ३८०८२०००.०० |
| | इ) धरौटी | २५६१५७। | | | घ) स्थानीय पूर्वाधार विकास साझेदारी | | ३१५०६१३.०० |
| | **राजस्व (आन्तरिक आय)** | | ८२८२२१९.३३ | | ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३५६९२२०.०० |
| | क) आन्तरिक श्रोतको आम्दानी | | | | च) तराई मधेश समृद्धि कार्यक्रम | | १२७०९४४३.०० |
| २ | ख) राजस्व बाँडफाँड | | ५९६९५४२७.१० | | छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास | | २२५०००.०० |
| | ग) मालपोत रजिसट्सन आय | | ५६७९७६९.०० | | झ) हात्तिपाइले रोग नियन्त्रण कार्यक्रम | | ४५९०००.०० |
| | **वित्तीय हस्तान्तरण संघ** | | | | ञ) राजस्व बाँडफाँड | | ४०२२२३६.०० |
| | क)वित्तीय समानीकरण अनुदान | | १०९७०००००.०० | २ | **आन्तरिक श्रोत** | | ३३५०५०९७.१३ |
| ३ | ख) सशर्त अनुदान | | १०८०८७५००.०० | ३ | **प्रदेश सरकार** | | |
| | ग) सामाजिक सुरक्षा | | ४०३७२०००.०० | | क) वित्तीय समानीकरण अनुदान | | १०७४४९९.०० |
| | घ) स्थानीय पूर्वाधार विकास साझेदारी | | ३५०००००.०० | | ख) सशर्त अनुदान सामाजिक विकास मन्त्रालय | | ६५००००.०० |
| | ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम | | ४१२७०००.०० | | ग) समपूरक अनुदान | | |
| | च) तराई मधेश समृद्धि कार्यक्रम | | १६००००००.०० | | घ) राजस्व बाँडफाँड | | १७७४९०३.८० |
| | छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास | | २२५०००.०० | ४ | अन्य | | |
| | झ) हात्तिपाइले रोग नियन्त्रण कार्यक्रम | | ४५९०००.०० | | क.विपद ब्यबस्थापन | | १२५०००.०० |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | ख.धरौटी फिर्ता | | २३९५०५.०० |
| | क)वित्तीय समानीकरण अनुदान | | ७२८४०००.०० | | निकासा फिर्ता | | २२६५२११६.९६ |
| | ख) सशर्त अनुदान सामाजिक विकास मन्त्रालय | | ६५००००.०० | ५ | **बैंक मौज्दात** | | |
| | ग) समपूरक अनुदान | | | | अ) संचीत कोष | | ६४४०४४३८.८९ |
| ४ | घ) राजस्व बाँडफाँड | | १७७४९०३.८० | | आ)चालु खाता | | १९१३६२८८.६४ |
| | **धरौटी आय** | | ५९२३३८.०० | | इ)पुजीगत खाता | | २७९१०१२.६८ |
| | **विपद ब्यबस्थापन कोष** | | १००००००.०० | | ई) धरौटी | | ६०८९९०.०० |
| | | | | | उ) विपद ब्यबस्थापन कोष खाता | | ८७५०००.०० |
| | **जम्मा** | | **३९६६४१०६३.१३** | | **जम्मा** | | **३९६६४१०६३.१३** |

| सि.नं. | भौ.नं.र मिति | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु: | रकम |
|---|---|---|---|
| १. | | **बजेट स्वीकृत :-** स्थानीय सरकार सञ्चलन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको विनियोजन ऐन,२०७५ गाउँ सभाबाट मिति २०७५।३।२८ गते स्वीकृत भएको छ । गाउँ सभाबाट नीति तथा कार्यक्रम र बजेट ढिलो गरी पास भएको अवस्थामा गाउँपालिकाले विकास निर्माणतर्फ समयमै खरिद व्यवस्थापन गरी कार्य सम्पन्न गर्न समय लाग्ने देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक वर्षको असार १० गते भित्र बजेट पास गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २. | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानियस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । गाउँपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ३. | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा गाउँपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पूँजीगत प्रकृतिको | |

| | | | |
|---|---|---|---|
| | | विषयमा खर्च गरेको छ । गाउँपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ४. | | **लेखाढाँचा :-** सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँलेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भैसकेको अवस्थामा गाउँपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| | | **नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहायबमोजिम छन् :** | |
| ५. | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६. | | **जिन्सी व्यस्थापन :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी जिन्सी निरिक्षण मूल्यांकन समितिले प्रतिवेदन पेश गरेको छैन । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने सामान तिन महिना भित्र र लिलाम गर्नुपर्ने सामान छह् महिना भित्र लिलाम गर्नुपर्ने व्यवसथा छ । सो अनुसार लिलाम र मर्मत गरेको छैन । साथै गाउँपालिकाले जिन्सी खाता, सहायक जिन्सी खाता, पेश्की खाता लगायतका अभिलेखहरु सम्वन्धित शाखा प्रमुख तथा कार्यालय प्रमुखवाट प्रमाणित गरी राख्ने गरेको छैन । कार्यालयले खाताहरु प्रमाणित गरी जिन्सी सामानहरु मर्मत तथा लिलाम गर्नुपर्दछ । | |
| ७. | | **एकिकृत जिन्सी अभिलेख नराखेको :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । कार्यालयले बिभिन्न विषयगत शाखाको लागि खरीद भएका मालसामान सोही शाखामा दाखिला गरेको | |

| | | | |
|---|---|---|---|
| | | देखिएकोले मालसमानहरुको मुल अभिलेखमा आम्दानी गाउी भुक्तानी गरेका देखियो । मुल अभिलेखमा आम्दानी गर्नुपर्दछ । | |
| ७.१ | २/०७६/०३/२३ | **जिन्सी दाखिला बेगर भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि खरीद गरेको १६२ थान कोदालो दर रु.६००।-, रु.९७,२००।- मालसमान जिन्सी दाखिला बेगर भुक्तानी गरेको देखिएकोले जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्दछ । | ९७२००.०० |
| ८. | | **अबकाश कोषको ब्यबस्था** :- स्थानिय सरकार संचालन ऐन २०७४को दफा ९१ (२) मा स्थानिय तहले दरबन्दीमा कार्यरत प्रत्येक  कर्मचारीले खाईपाई आएको तलबको १० प्रतिशत मासिक रुपमा कट्टा गरी सो रकम बराबर थप गरी जम्मा गरी राख्नु पर्ने ब्यबस्था छ । कार्यालयले कर्मचारीबाट १० प्रतिशत कट्टा र थप गरी अबकास कोषमा राखेको छैन। । कोषको कार्यविधि तयार गरी कोषलाई नियमित र व्यवस्थित वनाउनु पर्दछ । | |
| ९. | | **चौमासिक प्रगति  विवरण** :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालय चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| १०. | | **गुरुयोजना तथा वार्षिक योजना :-** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ७ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतिको आधारमा १० करोड भन्दा बढीको खरिदको हकमा गुरुयोजना र वार्षिक रुपमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नियम ८ मा वार्षिक दश लाख रुपैयाँ भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो ऐन तथा नियमावली बमोजिम गुरुयोजना तथा खरिद योजना बनाएको छैन । नियमले गरेको व्यवस्था वमोजिम खरिदको गुरुयोजना तयार गर्ने र गुरुयोजनाको आधारमा वार्षिक खरिद योजना तयार गर्नुपर्दछ । | |
| ११. | | **योजना हस्तान्तरण :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तन्तरण गरेको छैन । साथै योजना हस्तान्तरण सम्वन्धी व्यवस्था सम्झौतामै उल्लेख गरी उपभोक्ता समिति लाई अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था समेत गरेको छैन । | |
| १२. | | **कार्यक्रम खाता :-** कार्यालयले कार्यक्रम तथा स्वीकृत वजेट भित्र रही खर्च गर्न सहज होस भन्ने मनसायले तोकिएको ढाँचामा कार्यक्रम खाता राख्नुपर्दछ । वजेटलाई निश्चित दायरा तथा | |

नियन्त्रण भित्र राख्न म.ले.प.फा.नं. ८ अर्थात वजेट सिट मासिक रुपमा तयार गरी प्रमाणित गराई राख्नुपर्दछ । गाउँपालिकाले विभिन्न श्रोतवाट भएको खर्च तोकिएको कार्यक्रममा मात्र खर्च भएको छ भने विषयमा विश्वस्त हुनेगरी कार्यक्रम खाता राखेको छैन  तथा वजेट सिट समेत तयार गरेको छैन । विभिन्न कार्यक्रम र स-साना निकायमा पटक-पटक खर्च गरिने भएकोले आर्थिक नियन्त्रण र आर्थिक अनुशासन कायम गर्न समेत सार्वजनिक निकायले कार्यक्रम खाता राख्नुपर्दछ ।

१३. **विपद व्यवस्थापन कोष :-** गाउँपालिकाले यस कार्यक्रम अन्तर्गत रु. १०,००,०००।- वजेट विनियोजन गरी रु. १,२५,०००।- खर्च गरेको छ ।  कोषको छुट्टै आय व्यय विवरण तयार गर्नुपर्दछ । विनियोजित वजेटलाई कोषको आम्दानीको रुपमा जनाई कोषको कार्यविधि तथा प्रति कार्य योजना तयार गरी खर्च गर्नुपर्नेमा कार्यविधि तथा कार्य योजना तयार नगरी खर्च भएको छ । कोषको छुट्टै आय व्यय विवरण तयार गर्ने, कार्यविधि तथा प्रति कार्य योजना तयार गरी खर्च राख्नुपर्दछ ।

१४. **भ्रमण अभिलेख** :- गाउँपालिकाले कार्यालयको कामको लागि काजमा खटिने कर्मचारीको अभिलेख  प्रष्ट देखिने गरि दैनिक भ्रमण भत्ताको लागि भ्रमण आदेशको लेखाङ्कन गर्नुपर्दछ । कुन मितिमा कुन कर्मचारी कहाँ गएको थियो , दोहोरो नपर्ने गरि अभिलेख तयार गर्नुपर्नेमा कार्यालयले अभिलेख तयार गरेको छैन ।

१५. **अनुगमन समितिको सिफारिश :-** गाँउ सभावाट स्वीकृत गरिएका सवै आयोजनाहरु कार्यालयले आर्थिक वर्ष तेश्रो चौमासिक  भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समितिवाट कार्य सम्पन्न गराउनु पर्दछ । वहुवर्षिय योजना वाहेक अन्य आयोजनाहरुको हकमा आर्थिक वर्षको तेश्रो चौमासिक भित्र कार्य सम्पन्न गर्नेगरी ठेक्का व्यवस्थापन वा उपभोक्ता समिति मार्फत कार्य गराउने र वहुवर्षिय तथा सालवसाली ठेक्काहरुको विभिन्न चरणमा गाँउपालिकामा रहेको अनुगमन समितिवाट अनिवार्य अनुगमन प्रतिवेदन लिएर मात्र भुक्तानी गर्ने गर्नुपर्दछ ।

**<u>गाउँपालिका चालु तर्फ</u>**

१६. **स्थानीय तहका पदाधिकारी सुबिधा** :- सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यबस्था अनुसार जोशीपुर गाउँपालिकाले  देहायबमोजिम रु.४६ लाख ५६ हजार सुबिधा वापत भुक्तानी गरेको छ ।

| सि. नं | पदाधिकारीको नाम | संख्या | मासिक तलब | महिना | बार्षिक जम्मा | चाड पर्व खर्च |
|---|---|---|---|---|---|---|
| | अध्यक्ष | १ | ३००००.०० | १२ | ३६००००.०० | ३००००.०० |
| | उपाध्क्ष | १ | २५०००.०० | १२ | ३०००००.०० | २५०००.०० |
| | वडा अध्यक्ष | ७ | २००००.०० | १२ | १६८००००.०० | १४००००.०० |
| | कार्यपालिका सदस्य | ६ | ८०००.०० | १२ | ५७६०००.०० | ४८०००.०० |
| | वडा सदस्य | २३ | ५०००.०० | १२ | १३८००००.०० | ११५०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | ४२९६००० | ३५८०००.०० | |

१६.१

उक्त ऐनमा चाडपर्व खर्चको व्यवस्था नभएकोमा कार्यालयले पदाधिकारीहरुलाई चाडपर्व खर्चबापत रु.३,५८,०००।- खर्च लेखेको अनियमित देखिएकोले नियमित गर्नुपर्दछ ।

३५८०००.००

१७.

**पदाधिकारीको पारिश्रमिक कर :-** आयकर ऐन, २०५८ को दफा ८८ तथा आर्थिक ऐन, २०७५ मा पारिश्रमिक आयमा जुन वर्षमा आय प्राप्त हुन्छ सोही वर्षको आर्थिक ऐन अनुसार तोकिएको दरमा पारिश्रमिकमा कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । निम्नानुसारका गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुलाई आ.व. ०७४।७५ को पारिश्रमिक भूक्तानी आ.व. २०७५।७६ मा भएको र आ.व. ०७५।७६ मा पनि पारिश्रमिक भुक्तानि हुँदा जुन वर्षमा आय प्राप्त हुन्छ सोही वर्षको आर्थिक ऐन अनुसार कर कट्टा गर्नुपर्ने हुन्छ । वार्षिक छुट पछिको पहिलो एक लाखमा दश प्रतिशतका दरले त्यस पछि दुइ लाखमा वीस प्रतिशतका दरले र त्यस भन्दा माथिकोमा तीस प्रतिशतका दरले पारिश्रमिक कर गणना गरिएको र सो अनुसार निम्नानुसारका पदाधिकारीहरुबाट पारिश्रमिक कर असूल गर्नुपर्दछ ।

१४२०००.००

| सि. नं. | पदाधिकारी | ०७४।०७५ को आम्दानी | ०७५।७६ को आम्दानी | जम्मा | छुट | कारयोग्य आय | लाग्ने कर |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | ३६००००.०० | ३६००००.०० | ७२००००.०० | ४०००००.०० | ३२००००.०० | ५६०००.०० |
| २ | उपाध्यक्ष | ३०००००.०० | ३०००००.०० | ६०००००.०० | ४०००००.०० | २०००००.०० | ३००००.०० |
| ३ | वडाध्यक्ष १ | २४००००.०० | २४००००.०० | ४८००००.०० | ४०००००.०० | ८००००.०० | ८०००.०० |
| ४ | वडाध्यक्ष २ | २४००००.०० | २४००००.०० | ४८००००.०० | ४०००००.०० | ८००००.०० | ८०००.०० |
| | वडाध्यक्ष ३ | २४००००.०० | २४००००.०० | ४८००००.०० | ४०००००.०० | ८००००.०० | ८०००.०० |
| | वडाध्यक्ष ४ | २४००००.०० | २४००००.०० | ४८००००.०० | ४०००००.०० | ८००००.०० | ८०००.०० |
| | वडाध्यक्ष ५ | २४००००.०० | २४००००.०० | ४८००००.०० | ४०००००.०० | ८००००.०० | ८०००.०० |
| | वडाध्यक्ष ६ | २४००००.०० | २४००००.०० | ४८००००.०० | ४०००००.०० | ८००००.०० | ८०००.०० |
| | वडाध्यक्ष ७ | २४००००.०० | २४००००.०० | ४८००००.०० | ४०००००.०० | ८००००.०० | ८०००.०० |
| | जम्मा | | | | | | १४२०००.० |

१८.

१०६८/०७६/३/३१

**वजेट वक्तव्यको पारिश्रमिक :-** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५, ले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गरेको छ । ऐनको दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था गरेको छ । गाउँपालिकाले मिति २०७५।३।३२ गतेको गाउँसभाको निर्णय नं. २० मा

| | | | |
|---|---|---|---|
| | | आर्थिक वर्ष २०७५।७६ को वजेट तयारी तथा वक्तव्य वापत गाउँपालिका उपाध्यक्षलाई रु.१,००,०००।- उपलव्ध गराउने निर्णय गरेको छ । सोही निर्णयको आधारमा उपाध्यक्षद्वारा सो रकम जनप्रकाश माध्यमिक विधालय जोशीपुरमा अध्ययनरत अपाङ्ग विद्यार्थिको सहयोगार्थ फर्निचर उपलव्ध गराएको देखिन्छ । उक्त विद्यालयमा अध्ययनरत अपाङ्ग विद्यार्थिको आवास सुविधाको लागि संघिय सरकारवाट हस्तान्तरित शिक्षा तर्फको कार्यक्रमवाट समेत वजेट गएको कारण एउटै कार्यमा दोहोरो खर्च हुने अवस्था देखिन्छ । एउटै कार्यक्रममा दोहोरो सुविधा नगएको सुनिश्चित गर्नको लागि अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने तथा ऐनमा नभएको सुविधाको नाउमा खर्च लेखेको खर्च अनियमित देखिएकोले नियमित गर्नुपर्दछ । | १०००००.०० |
| १९. | | **सोभ्कै खरिद :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले वीस लाख भन्दा वढीको लागत अनुमान भएको मालसामान खरीद गर्नुपर्दा वोलपत्रको माध्यमवाट खरीद गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष रु.३०,९७,५८६।- वरावरको मेशिनरी औजारहरु उपर्युक्त नियम वमोजिम वोलपत्रको माध्यमवाट खरीद नगरी सोभ्कै खरीद गरेको छ । कार्यालयलाई आवश्यक पर्ने सामानको लागत अनुमान तयार गरी सार्वजनिक खरीद नियमावली वमोजिम खरीद गर्नुपर्नेमा सोभ्कै खरीद गरेकोले उक्त रकम अनयिति देखिन्छ । | ३०९७५८६.०० |
| २०. | | **अवण्डा राखेको :-** गाउँपालिकाले आर्थिक विधेयक २०७५ मिति २०७५।३।३२ गते गाउँसभा वाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । गाउँपालिकाको कार्यालयले तयार गरेको खर्चको फाँटवारीवाट रु.५६,७९,७६९।- अवण्डा राखेको देखिन्छ । आर्थिक वर्षको शुरुमा नै कार्यक्रम वमोजिम रकम वाडफाड गरी स्वीकृत योजना कार्यान्वयनमा ल्याउनुपर्नेमा अवण्डा राख्ने कार्यको अन्त गर्नुपर्ने देखिन्छ । | |
| २१. | ९३/०७५/६/२४<br>१३४/०७५/७/१६<br>६५८/०७६/१/१५ | **न्यायिक समिति :-** गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा यस वर्ष ४९ पटक वैठक वसेको भनि सो समिति र अन्तर्गतका पदाधिकारीहरुलाई प्रति वैठक भत्ता रु.१,५००।- का दरले रु.२,१५,४७५।- खर्च लेखिएको देखियो । सो समितिले के कस्ता समस्या समाधानमा के कस्ता निर्णय गऱ्यो सो को व्यवस्थित रेकर्ड नहुदा सो समितिका निर्णय तथा अनुगमन मूल्याङ्कन प्रतिवेदन पेश हुन सकेन । | |
| २२. | ७६८/०७६/२/१ | **खर्चको प्रमाण पेश नभएको :-** गाउँ सभावाट तोकिएको वजेट खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । सहायक महिला विकास निरिक्षक पवित्रा खड्काले खर्च गरेकोमा के को श्रीमान /श्रीमतिहरु वीच अर्न्तक्रिया भएको भनि रु.१,२५,०००।- एकिन गर्ने प्रमाण पेश गर्नपर्दछ । | १२५०००.०० |
| २३. | ८७३/०७६/२/२९ | **बढी रकम भुक्तानी :-** सरकारी रकम खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । नेपाल विद्युत प्राधिकरण, प्राथमिक स्वास्थय केन्द्र जोशीपुरको विद्युतको रकम भुक्तानी गर्दा विद्युत प्राधिकरणको विल रु.१,३३,८९१।- र तल विलमा रु.२६,५९५।८२ थप | |

<table>
<tr><td></td><td></td><td>गरी रु.१,६०,४१५।- भुक्तानी भएकोमा विल भन्दा वढी भुक्तानी दिएको रु. २६,५९५।८२ असूल गर्नुपर्दछ ।</td><td>२६५९५.८२</td></tr>
<tr><td>२४.</td><td></td><td>पोशाक भत्ता :- गाउँपालिकामा कार्यरत निम्नानुसारका कर्मचारीहरुलाई चैत्र महिनामा भुक्तानी हुनुपर्ने पोशाक भत्ता भौ.नं. ८७६ मिति २०७६।३।१ मा खर्च लेखीसकेपछी पुनः भौ.नं. ९७६ मिति ०७६।३।२२ वाट पनि पोशाक भत्ता भुक्तानी भएको देखिएकोले दोहोरो भुक्तानी असूल गर्नुपर्दछ ।
<table>
<tr><th>क.स.</th><th>नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>रमेश पाण्डेय</td><td>१००००.००</td></tr>
<tr><td>२</td><td>शान्ता चौधरी</td><td>१००००.००</td></tr>
</table></td><td>२००००.००</td></tr>
<tr><td></td><td></td><td><u>गाउँपालिका पूजिगत</u></td><td></td></tr>
<tr><td>२५.</td><td></td><td>माग भन्दा वढी म्याद थप :- गाउँपालिकाले जोशीपुर वजार देखि हस्वापुर चोक सडक कालोपत्रे गर्ने कार्यको लागि रु.१,०६,५५,८०६।- मा कार्य सम्पन्न गर्ने गरी विद्या कन्सट्रक्सन संग मिति २०७५।१२।२९ सम्झौता गरेको छ । शुरु ठेक्का अवधि २०७६।३।१० सम्म रहेका, सो अवधिमा कार्य सम्पन्न नहुने भई ठेकेदारले २०७६ असार मसान्त सम्म म्याद थप माग गरेकोमा कारण उल्लेख नगरी कार्यपालिकाले २०७७ जेष्ठ मसान्तसम्म म्याद थप गरी दिएको छ । म्याद भित्र कार्य सम्पन्न गर्न पहल गर्नुपर्नेमा कार्यालयले पटक पटक म्याद थप तर्फ ध्यान दिएको छ । लेखापरीक्षणको अवधि सम्म सो निर्माण कार्य सम्पन्न भएको छैन । समयमा कार्य सम्पन्न नगरेमा नियमानुसार हर्जाना लाग्ने लगायतका ऐन तथा नियमावलीको व्यवस्था समेटेर सम्झौता गर्नुपर्नेमा कार्यालयले एकपाने सम्झौता प्रति तयार गरी सम्झौता गर्ने गरेको छ । समयमा नै कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td></td><td>सालवसाली ठेक्का समयमा सम्पन्न नहुने :- गाउँपालिकाले स्वीकृत कार्यक्रम वमोजिम समयमा नै ठेक्का व्यवस्थापन गरी आर्थिक वर्षको अन्तसम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गरेको छैन । आर्थिक वर्षको अन्तमा सम्पन्न हुनुपर्ने ठेक्काहरु सम्पन्न हुन सकेको छैन । कतिपय निर्माण कार्यहरुको सम्झौता नै आर्थिक वर्षको तेश्रो चौमासिकको अन्तातिर भएको छ । गाउँपालिकाले स-साना योजनाको छनौट नगरी उत्पादनमूलक र दीर्घकालिन महत्वका योजनाहरु वढी भन्दा वढी छनौट गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>१५४/०७६/३/१७</td><td>कार्यसम्पन्न पेश नभएको :- गाउँपालिकाले घुसरी गाउँको पूर्वमा रहेको पक्की पुल रु.२८,४३,८६०।- को लागत अनुमान तयार गरी निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको छ । सार्वजनिक खरीद नियमावली वमोजिम जटिल प्रकृतिको कार्य ठेक्का पट्टाको माध्यमवाट गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत कार्य गरेको, गाउँपालिकाले व्यहोर्ने सम्पूर्ण रकम रु.१८,००,०००।- भुक्तानी भैसकेकोमा सो कार्यको अनुगमन समितिको सिफारिश तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नपर्दछ ।</td><td>२८४३८६०.००</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २८. | | **ह्युपाइप खरीद :-** कार्यालयले “विभिन्न ठाउँमा ह्युमपाइप खरीद तथा जडान उपभोक्ता समिति” गठन गरी सो समिति मार्फत वडा नं. २ को लागि ह्युमपाइप खरीद गरेको विल भर्पाईको आधारमा रु.१७,४७,२८६।- भुक्तानी गरेको छ । NP3 १००mm को ३५ थान ह्युमपाइपको आवश्यकता पहिचान गरेको छैन । त्यसैगरी वडा नं. ६ को लागि पुनः रु.१७,८६,७४३।- वरावरको २७ थान ह्युमपाइप खरीद गरि वितरण गरेको छ । सवै क्षेत्रमा सम्वन्धित उपभोक्ता समिति मार्फत कार्य भै रहेको अवस्थामा विभिन्न ठाउँको लागि भनि खरीद भएको सो ह्युमपाइपको प्रयोग भएको विवरण, नापी किताव तथा अनुगमन समितिको सिफारिश पेश गर्नपर्दछ । | ३५३४१२९.०० |
| ३०. | १२१/०७५/७/१३ | **भर्पाई पेश गर्नुपर्ने :-** गाउँपालिकाले सरकारी रकम खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने हुन्छ । गाउँपालिकाले ओम एग्रो सेन्टरवाट ८३ क्वीन्टल आलुको विउ खरीद गरी निज सेन्टरलाई रु.४,७४,१७९।- भुक्तानी दिएकोमा ६५.५ क्वीन्टल आलुको विउ वितरण गरेको भर्पाई पेश भएको छ भने १७.५ क्वीन्टल विउ वितरण गरेको भर्पाई पेश नभएकोले प्रति क्वीन्टल आलुको विउ रु.५,८००।- का दरले हुने रु.१,४८,७५०।- भर्पाई वेगरको खर्च लेखेकोले सो को प्रमाण पेश गर्नपर्दछ । | १४८७५०.०० |
| ३१. | | **विल भपाई नभएको :-** गाउँपालिकाको सरकारी रकम खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्नानुसारका कार्यक्रममा वील भर्पाई पेश नगरी खर्च लेखेको रकम नियमित नदेखिएको | |

| भौ नं. र मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ४५४-०७५।११।६ | आँखा शिविरमा चश्मा वितरण | २२५१४१.०० |
| ४५७-०७५।११।७ | आयूषा कृषि फर्म (अमृतको विरुवा) | ४३३५६७.०० |
| ५४२-०७५।१२।५ | एस.पि. एग्रो सेन्टर (मिनि विट) | ३४३७९४.०० |

| | | | |
|---|---|---|---|
| | | **शिक्षा तर्फ** | |
| ३२. | २६५/०७५/८/१५ | **अनुदान निकासा :-** शिक्षा मन्त्रालयवाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिएको विद्यालयलाई अनुदान रकम दिन सकिने व्यवस्था रहेको छ । गाउँपालिकाले रघुनाथ आदेश बहुमुखी क्याम्पसलाई रु.१०,००,०००।- निकासा दिएकोमा उक्त रकम के कुन कामको लागि दिईएको हो सो को अनुगमन रिपोर्ट पेश गर्नपर्दछ । | १००००००.०० |
| ३३. | ९३८/०७६/३/१८ | **अनुगमन प्रतिवेदन :-** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयवाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५ अनुसार गाउँपालिकाका सामुदायिक विद्यालयहरुलाई अनुदान शिर्षक अन्तर्गत विद्यालयको भौतिक अवस्था, विद्यार्थी संख्या समेतका आधारमा २३ वटा विद्यालयहरुलाई शिक्षक विद्यार्थीको अनुपातको आधारमा अनुदान रकम दिदा विद्यालयहरुलाई रु.२९,९९,९८२।- निकासा दिएकोमा सो रकम के कुन शिर्षकमा खर्च गरियो सो को अनुगमन रिपोर्ट पेश गर्नपर्दछ । | २९९९९८२.०० |

| | | | |
|---|---|---|---|
| ३४. | | **भर्पाई पेश गर्नुपर्ने :-** गाउँपालिकाले संघिय सरकारवाट हस्तान्तरित शिक्षा तर्फको कार्यक्रमवाट जनप्रकाश मा.वि. जोशिपुरमा अध्ययनरत १८ जना अपाङ्ग विद्यार्थीको लागि प्रति विद्यार्थी रु.४०,०००।- को दरले रु.७,२०,०००।- उपलब्ध गराएको छ । शिक्षा विकास कार्यक्रम निर्देशिका वमोजिम उक्त रकम मध्ये विधालयले प्रति विद्यार्थी रु.५,०००।- को दरले सम्वन्धित विद्यार्थीको व्यक्तिगत सरसफाईको लागि नगदै वुझाउनुपर्ने व्यवस्था गरेको छ । विद्यालयले सम्वन्धित विद्यार्थीलाई उक्त रकम वरावर हुने रु.९०,०००।- वुझाएको भर्पाई पेश गर्नुपर्दछ । | ९००००.०० |
| | | **स्वास्थ्य तर्फः** | |
| ३५. | ७५४/०७६/१/३१ | **बजेट भन्दा वढी खर्च :-** यस सिकलसेल एनिमिया शिविर संचालनका लागि स्वास्थ्य संस्थामा रु.७,००,०००।- विनियोजन गरिएकोमा १८,२३,२५०।- खर्च भएको पाईयो । गाउँ सभावाट पारित वजेट सिमा भन्दा वढी खर्च भएको रु.११,२३,२५०।- नियमित नदेखिएकोले उक्त रकम नियमित गर्नपर्दछ । | ११२३२५०.०० |
| ३६. | ७५६/०७६/१/३१ | **कम कर कट्टा गरेको :-** आयकर ऐन २०५८ को दफा ८८ मा तोकिए वमोजिमको कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सिकल सेल एनिमिया जाँचको लागि धनगढी डाइगोनेस्टीक एण्ड रिसर्च सेन्टर प्रा.लि. संग उक्त जाँच उपचारको लागि सम्झौता भई निजलाई रु.१५,६२,२५०।- भुक्तानी दिएकोमा निजले मूल्य अभिवृद्धिकर विल जारी गाउँको अवस्थामा निजलाई भुक्तानी भएको रकममा १५% कर कट्टा गर्नुपर्नेमा १.५% मात्र कर कट्टा गरेकोले नपुग कर कट्टा गर्नुपर्दछ । | २१०९०३.७५ |
| | | **सामाजिक सुरक्षा तर्फः** | |
| ३७. | | **३६५८१५३ जेष्ठ नागरीक दीर्घ सेवा सम्मान कार्यक्रम :-** यस बजेट उप शिर्षकमा बजेट रु.४०,३७,२०,००।- निकासा रु.४०,३७,२०,००।- र खर्च रु.३८,०८,२००।- बाँकी रकम रु.२२,९०,०००।-मिति २०७६।४।१७ मा १५११२ बेरुजू खातामा दाखिला गरेको प्रमाण पेश भएको छ । | |
| ३८. | | **बैंक बांकी** :- जेष्ठ नागरीक दीर्घ सेवा सम्मान भत्ता कार्यलयका ७ वटै वडामा एन आई सि बैंक मार्फत वितरण गर्न बैकलाई निकासा गरेकोमा बैकले जेष्ठनागरीक तथा अन्य भत्ता पाउने नागरीकलाई वितरण गरी बैकमा लिन नआएको रकम कार्यालयको चालु खातामा रु.४,३२,८००।- फिर्ता गरेकोले उक्त रकम संघीय संचितकोष फिर्ता पठाउनु पर्दछ । | ४३२८००.०० |
| | | **तराई मधेश समृद्धि कार्यक्रम तर्फ :** | |
| ३९. | | **उपभोक्ता समितिलाई मू.अ.कर भुक्तानी :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धिकर को अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था | |

<table>
<tr><td></td><td></td><td>छ । कार्यालयले देहायको निर्माण कार्यमा लागत अनुमानमा उल्लेख भएको मू.अ.कर स्वरुप रु.९,७९,२३५।- उपभोक्ता समितिलाई भुक्तानी गरेकोले उक्त रकम आन्तरिक रजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।<br><br>सबै कार्यालयले विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार नभएका योजनामा सो रकम प्रयोग गरेको पाईएको छ ।<br>
<table>
<tr><th>भौ. नं. र मिति</th><th>कार्य</th><th>भुक्तानी रकम</th><th>मू.अ. कर रकम</th></tr>
<tr><td>३-०७६।२।४</td><td rowspan="2">भवन निर्माण -जनता मा.वि.</td><td rowspan="2">४०२०८५३.००</td><td rowspan="2">३९७६८१.००</td></tr>
<tr><td>५-०७६।३।२५</td></tr>
<tr><td>४-०७६।३।२</td><td rowspan="2">सामुदायिक भवन निर्माण</td><td rowspan="2">४३८३४८९.००</td><td rowspan="2">३२६३९३.००</td></tr>
<tr><td>६-०७६।३।२५</td></tr>
<tr><td>७-०७६।३।२५</td><td rowspan="2">सामुदायिक भवन निर्माण</td><td rowspan="2">४३११३७४.००</td><td rowspan="2">२५५१६१.००</td></tr>
<tr><td>८-०७६।३।२५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९७९२३५.००</td></tr>
</table></td><td>९७९२३५.००</td></tr>
<tr><td>३९.१</td><td></td><td>गाउँपालिकाको वडा नं. ५ मा वनेको सामुदायिक भवनको प्रथम विल स्वरुप रु.२२,४१,५३९।- भुक्तानी भएकोमा सो को निर्माण कार्यको विल तथा नापी किताव लगायतको विवरण संलग्न नगरी भुक्तानी गरेकोले सो को विल तथा नापी किताव पेश गर्नुपर्दछ ।<br><br>आर्थिक वर्ष भित्र सम्पन्न गर्नुपर्ने उक्त योजनाहरु आर्थिक वर्षको अन्तसम्म कार्य सम्पन्न भएको छैन ।</td><td>२२४१५३९.००</td></tr>
<tr><td>४०.</td><td></td><td>खर्च नभएको रकम फिर्ता गर्नुपर्ने :- यस कार्यक्रम स्वरुप विभिन्न योजनावाट कट्टा भएको कन्टीजेन्सी वरावरको रकम रु.३,१८,३६२।- सम्वन्धित योजनामा खर्च नभै स्थानीय संचित कोषमा रही रहेकोले आर्थिक वर्षको अन्तमा खर्च नभै वाँकी उक्त रकम संघीय संचित कोष फिर्ता दाखिला गर्नुपर्दछ ।</td><td>३१८३६२.००</td></tr>
<tr><td>४१.</td><td></td><td>स्थानिय संचितकोषमा रकम दाखिला नगरेको :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ अनुसार एक आथिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको चालु र पुँजिगत खातामा मौज्दात रहेको रकम आर्थिक बर्षको अन्तमा गाउँपालिकाको संचित कोषमा जम्मा हुने उल्लेख छ । गाउँपालिकाको निम्न खातामा रहेको अन्तिममौज्दात संचित कोषमा जम्मा गरेको देखिएन । उक्त रकम संचित कोषमा ट्रान्सफर गर्नुपर्दछ ।<br>
<table>
<tr><td>चालु कोष खाता</td><td>२७९१०१२.६८</td></tr>
<tr><td>पुंजिगत खाता</td><td>१९१३६२८८.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.</td><td></td><td>आन्तरिक लेखापरीक्षण :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्षको आन्तरिक लेखापरीक्षण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयवाट गराएको छ । आन्तरिक लेखापरीक्षण सम्बन्धि कानुनको तर्जुमा गरी आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन । उपदफा ३ वमोजिम आन्तरिक लेखापरीक्षणले</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>औल्याएका अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गरेको छैन ।</td><td></td></tr>
<tr><td>४३.</td><td></td><td>पेश्की बांकी :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले २०७६ आषाढ मसान्तमा देहाय उपशिर्षकमा पेश्की बांकी देखाएकोले नियमानुसार समयमा नै पेश्की फछ्र्यौट हुनु पर्नेपर्दछ ।
<table>
<tr><th>बजेट उपशिर्षक नं</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>गाउँपालिका चालु</td><td>खरीदार रमेशराज जोशी</td><td>१५०००.००</td></tr>
<tr><td></td><td>प्राथमिक स्वास्थ्य केन्द्र जोशीपुर</td><td>४१००.००</td></tr>
<tr><td></td><td>कृष्णलाल डगौरा</td><td>३२०००.००</td></tr>
<tr><td></td><td>शान्ता भण्डारी</td><td>१८०००.००</td></tr>
<tr><td>गाउँपालिका पूंजिगत</td><td>जोशीपुर खानेपानी उपभोक्ता समिति</td><td>२२५०००.००</td></tr>
<tr><td>शर्सत</td><td>स्रोत व्यक्ति श्री योगेश जोशी</td><td>१८०००.००</td></tr>
<tr><td></td><td>प्राथमिक स्वास्थ्य केन्द्र जोशीपुर</td><td>६६०००.००</td></tr>
<tr><td></td><td>स्वास्थ्य चौकी बौनिय</td><td>४१६००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४१९७००.००</td></tr>
</table></td><td>४१९७००.००</td></tr>
<tr><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td>४४.</td><td></td><td>बिल भरपाई :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायको कारोबारहरुको बिलभरपाई बेगर भुक्तानी गरेकोले प्रमाण पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्दछ ।
<table>
<tr><th>भौ नं मिति</th><th>विरण</th><th>रकम</th></tr>
<tr><td>४२/०७५/०८/१२</td><td>प्रवुद्ध फार्मेसी धनगढीको विल नं. ०८।०७५।०८।०२ मा खरिद न्यानो झोला २२२ थान दर ७९५</td><td>१९९४३३.७०</td></tr>
<tr><td>१२४/०७५/१२/१४</td><td>ग्लोवल सर्जिकल हाउस धनगढीको विल नं. ५८१।०७५।१२।०७ बाट खरिद १०० वटा न्यानो झोला दर ८८५</td><td>१०००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२९९४३३.७</td></tr>
</table></td><td>२९९४३३.७</td></tr>
</table>

## गाउँपालिकाको सञ्चित कोष विवरण

अनुसूची १

२०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | जोशीपूर गाउँपालिका | कैलाली | २९२१२ | ११६९८४ | २४२१६३ | ८२८२ | ३६७४२९ | १३७९६५ | १७००८० | ७८२ | ३०८८२७ | ८७८१४ |

अनुसूची २

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

२०७५।७६

रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा संख्या | | | | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गनुंपनें | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | जोशीपूर गाउँपालिका | २३ | २१ | २०६६७ | ० | ० | ० | २३ | २१ | २०६६७ | ४०० | ४६७८ | १५१६९ | ० | ० | १९८४७ | ८३ | ३३७ | ४२० |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति

२०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | जोशीपूर गाउँपालिका | कैलाली | १८०७९ | २२५ | १७८५४ | ० | २०६६७ | ३८५२१ |